मन्त्रिपरिषद् बाट स्वीकृत :- २०७७/०५/२८

# कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७

कर्णाली प्रदेश सरकारका मन्त्रालय एवं मातहतबाट सञ्चालन हुने विभिन्न बहुवर्षीय आयोजनाको समुचित व्यवस्थापन, स्रोतको सुनिश्चितता र वित्तीय अनुशासन कायम गरी निर्दिष्ट समयभित्र आयोजना सम्पन्न गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम १२३ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो निर्देशिकाको नाम " कर्णाली प्रदेश बहुवर्षीय ठेक्का वन्दोवस्त सम्बन्धी निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आयोग" भन्नाले कर्णाली प्रदेश योजना आयोग सम्झनु पर्छ ।

(ख) "आयोजना" भन्नाले कर्णाली प्रदेश सरकार अन्तर्गतका निकाय वा कार्यालयवाट सञ्चालित आयोजना वा त्यसभित्र समावेश खण्ड वा उपखण्डलाई समेत सम्झनु पर्छ।

(ग) "कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (कर्णाली प्रोभिन्सियल प्रोजेक्ट वैङ्क मेनेजमेन्ट इन्फरमेशन सिस्टम-केपिपिविएमआइएस)" भन्नाले कर्णाली प्रदेश योजना आयोगबाट स्वीकृत कार्यविधि अनुसारको व्यवस्थापन सूचना प्रणालीलाई सम्झनु पर्छ ।

(घ) "बहुवर्षीय ठेक्का" भन्नाले एक वर्षभन्दा बढी अवधि लाग्ने ठेक्का सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले बहुवर्षीय ठेक्का व्यवस्थापन गर्ने कर्णाली प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ ।

३. आयोजना प्रस्ताव गर्ने विधिः (१) बहुवर्षीय ठेक्का व्यवस्थापन गर्नुअघि सम्बन्धित मन्त्रालयले आयोजनाको प्रस्ताव, आयोजनाबाट प्राप्त हुन सक्ने लाभ र मन्त्रालयको वजेटको अवस्था सहित स्वीकृतिका लागि आयोगमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृतिका लागि प्रस्ताव प्राप्त भए पछि आयोगले आयोजनाबाट लाभान्वित हुने जनसंख्या, सन्तुलित विकास र पञ्चवर्षीय योजनाको लक्ष्यसँगको तादात्म्यताको आधारमा मूल्याङ्कन गरी उपयुक्त देखिएको प्रस्तावका लागि स्रोतका सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

सचिव

प्रमुख सचिव

Scanned with CamScanner

(३) उपदफा (२) बमोजिम सहमतिका लागि प्राप्त भएकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले वजेट स्रोतको अवस्था र सम्बन्धित मन्त्रालय वा अन्तर्गतको वजेटको अवस्थाको पुर्वानुमान गरी सहमति सम्बन्धी निर्णय गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सहमति प्राप्त भए पछि आयोगले यस निर्देशिका बमोजिम र क्षेत्रगत विशेषता सहितको शर्त समेत तोकी वहुवर्षीय ठेक्काको स्वीकृति दिन सक्नेछ।

(५) बहुवर्षीय ठेक्का सहमति दिएका निर्माणाधीन आयोजनाको कुनै कारणले निर्माण लागत र अवधि बढ्ने अवस्था भएमा आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयको पुनः सहमति लिनुपर्नेछ।

४. <u>आयोजना प्रस्तावको ढाँचा:</u> (१) दफा ३ बमोजिम बहुवर्षीय ठेक्का वन्दोवस्त हुने आयोजनाको प्रस्ताव मन्त्रालयले अनुसूची-१ बमोजिमको ढाँचामा अनुसूची-२ मा उल्लिखित चेक लिष्ट सहित चालु आर्थिक वर्षको पहिलो चौमासिक भित्र आयोगमा गरी सक्नुपर्नेछ ।

(२) दफा ३ बमोजिम प्रस्ताव पेश गर्दा अनुसूची-१ बमोजिमको ढाँचाको प्रस्ताव, पहिलो तीनवर्षको त्रिवर्षीय चालु, पूँजीगत, वित्तीय व्यवस्थाको बजेट, स्रोत र प्रमुख क्रियाकलाप सहितको विवरण सहित सम्बन्धित मन्त्रालयको सचिवले प्रमाणित गरी प्रस्तावसाथ पेश गर्नुपर्नेछ ।

(३) आयोगले कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा ल्याए पश्चात सम्बन्धित मन्त्रालयले प्रस्ताव पेश गर्नु अघि उपदफा (२) बमोजिमको विवरण यस सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।

५. <u>बहुवर्षीय ठेक्का सम्बन्धी क्षेत्र:</u> देहायका क्षेत्रमा कार्यान्वयन हुने कर्णाली प्रदेश आयोजना वैंङ्कमा समावेश भएका कुल लागत अनुमान रु. २० करोडभन्दा बढीका सडक तथा अन्य यातायात पूर्वाधार, रु. ५ करोडभन्दा बढीका भवन, सडकपुल एवं अन्य पूर्वाधार र रु. ३ करोडभन्दा बढीका खानेपानी, सिंचाइ, कृषि एवं औद्योगिक पूर्वाधार आयोजनालाई बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न सहमति वा स्वीकृति दिन सकिनेछ:-

(क) सडक, सडकपूल तथा अन्य यातायात पूर्वाधार,

(ख) ऊर्जा, खानेपानी र सिंचाइ,

(ग) स्वास्थ्य तथा शिक्षा पूर्वाधार

(घ) आवास तथा शहरी विकास,

प्रमुख सचिव

Scanned with CamScanner

(ङ) कृषि तथा औद्योगिक पूर्वाधार,

(च) सांस्कृतिक र पर्यटन पूर्वाधार विकास,

(छ) खेलकुद पूर्वाधार,

(ज) विज्ञान तथा प्रविधि पूर्वाधार।

६. <u>बहुवर्षीय ठेक्का आयोजना स्वीकृतिका आधार</u>: (१) सम्बन्धित मन्त्रालयबाट स्वीकृतिको लागि पेश भएका प्रस्ताव सम्बन्धमा आयोगले देहायका आधारमा बहुवर्षीय ठेक्काका लागि स्वीकृति दिनेछः-

(क) प्रदेश विकासको लागि महत्वपूर्ण आयोजनाको रुपमा कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजनामा उल्लेख भएका वा आयोगले रणनीतिक आयोजनाको रुपमा पहिचान गरेको आयोजना भएको,

(ख) वहुवर्षीय ठेक्काका लागि प्रस्तावित आयोजनाको निर्माण सम्पन्न हुने अवधि दुई वर्ष सम्म भएमा कूल लागत अनुमानको कम्तिमा चालीस प्रतिशत, तीन वर्षसम्म भएमा पच्चीस प्रतिशत, चार वर्षसम्म भएमा बीस प्रतिशत र पाँच वर्ष वा सो भन्दा वढी भएमा पन्ध्र प्रतिशत बजेट चालु आर्थिक बर्षमा विनियोजन भएको,

तर आयोगले निर्धारण गरेको मापदण्ड र कार्यविधि अनुसार आयोगको सिफारिशमा कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका प्रदेश गौरबका आयोजनाको हकमा यो सीमा लागू हुने छैन।

(ग) सम्बन्धित मन्त्रालय वा कार्यान्वयन निकायबाट विस्तृत आयोजना प्रतिवेदन स्वीकृत भएको व्यहोरा सम्बन्धित मन्त्रालयको सचिवबाट प्रमाणित भई आएको,

(घ) डिजाइन र निर्माण ठेक्का सम्झौता (डिजाईन एण्ड बिल्ट मोड अफ कन्ट्रयाक्ट) बाहेक अन्य ठेक्काको हकमा आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन सम्पन्न भएको,

(ङ) आयोजनाको लागि अधिग्रहण गर्नु पर्ने वा प्राप्ति गर्नु पर्ने भए जग्गा अधिग्रहण वा प्राप्तिको कानूनी प्रकृया टुंगिएको,

(च) खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार भएको,

सचिव

नि. प्रमुख सचिव

(२) उपदफा (१) को खण्ड (ग) मा उल्लिखित वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणको कार्य अघि बढिरहेको सम्बन्धित मन्त्रालयले लिखित जानकारी गराएमा आयोगले यस कार्यलाई सम्पन्न गर्ने शर्त सहित स्वीकृति दिन सक्नेछ।

(३) बहुवर्षीय ठेक्काका लागि चालु आर्थिक बर्षको पौष मसान्तभित्र स्वीकृति लिई सक्नुपर्नेछ।

७. कार्यान्वयन गर्ने निकाय र जिम्मेवारी: (१) आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति प्राप्त भई आयोगबाट स्वीकृत भए पछि मात्र सम्बन्धित मन्त्रालय वा निकायले वहुवर्षीय ठेक्का कार्यान्वयन गर्नेछ ।

(२) बहुवर्षीय आयोजनाहरुको सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय र सो अन्तर्गतका कार्यालयको हुनेछ ।

(३) मन्त्रालयले प्रत्येक वर्षको चैत्र मसान्तभित्र अनुसूचि ३ को ढाँचामा वहुवर्षीय ठेक्काको अद्यावधिक विवरण र अनुसूचि ४ को ढाँचामा मध्यमकालीन खर्च संरचना तयार गरी आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

८. वजेट सीमा: (१) मन्त्रालयको नियमित वजेट सीमा (वजेट सिलिङ्ग) भित्रबाट वजेट व्यवस्थापन गर्ने गरी वहुवर्षीय आयोजनाको प्रस्ताव गर्नुपर्नेछ।

(२) मन्त्रालयले हरेक आर्थिक वर्षको वजेट तथा कार्यक्रम प्रस्ताव गर्दा आफ्नो वजेट सीमावाट सर्वप्रथम वहुवर्षीय ठेक्का व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेर मात्र नयाँ आयोजना प्रस्ताव गर्नुपर्नेछ।

९. अनुसूचीमा संशोधन: यस कार्यविधिको अनुसूचीमा संशोधन गर्नुपर्ने भएमा आयोगको परामर्शमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ।

१०. खारेजी र वचाउ: (१) बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७५ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका बमोजिम भए गरेका काम कारवाही यस निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

सचिव

नि. प्रमुख सचिव

Scanned with CamScanner

अनुसूचि-१

# बहुवर्षीय ठेक्का बन्दोबस्तका लागि प्रस्तावित आयोजनाको विवरण ढाँचा

(निर्देशिकाको दफा ४ (१) सँग सम्बन्धित)

## खण्ड क : आयोजनको आधारभूत विवरण

१. आयोजनको नाम :

२. आयोजनाको लक्ष्य :

३. आयोजनाको उद्देश्य :

४. आयोजनको प्रतिफल :

५. आयोजनाबाट लाभान्वित हुने जनसंख्या :

६. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनौट गर्दा अपनाइएका आधारहरु :

(क) कार्यान्वयन क्षेत्र : जिल्ला निर्वाचन क्षेत्र न.पा./गा.पा.

(ख) छनौटका आधारहरु :

७. आयोजनाको कूल लागत :

८. आयोजनको अवधि (प्रस्तावित जम्मा वर्ष) :

(क) शुरु हुने मिति : (ख) सम्पन्न हुने मिति :

९. आयोजना कार्यान्वयन गर्ने कार्यालय :

## खण्ड ख : आयोजनको वित्तीय/आर्थिक विवरण :

१०. आयोजनको कूल लागत रकमको अनुमानित वार्षिक बाँडफाँट (रु. हजारमा)

| आर्थिक वर्ष | बाँडफाँट | कार्यपरिमाण |
|---|---|---|
| | | |
| | | |
| | | |

११. आयोजनको ठेक्का संख्या र रकम :

| आयोजना अवधिको | |
|---|---|
| संख्या | रकम |
| | |

१२. आयोजनाको सम्भाव्यता अध्ययन:

(क) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको छ, छैन ? नभएको भए हुनु नपर्ने कारण :

(ख) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्ष :

(ग) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्ष :

१३. आयोजनको आर्थिक तथा वित्तीय विश्लेषण :

सचिव

प्रमुख सचिव

Scanned with CamScanner

- लागत फिर्ता अवधि (Pay-back Period)
- लाभ-लागत अनुपात (Benefit cost Ratio)
- वित्तीय प्रतिफल दर (Financial Internal Rate of Return –FIRR)
- आर्थिक प्रतिफल दर (Economic Internal Rate of Return – EIRR)
- खुद वर्तमान मूल्य (Net Present Value – NPV)
- लागत प्रभावकारिता अध्ययन (Cost Effectiveness Analysis)
- सम्भाव्यता अध्ययन गर्ने निकाय:

१४. वातावरणीय प्रभाव मूल्यङ्कनको संक्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने) :

## खण्ड ग : प्रशासनिक तथा व्यवस्थापकीय विवरण :

१५. आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने संस्थागत व्यवस्था :

(क) अनुगमन तथा मूल्याङ्कनका लागि छुट्याइएको रकम :

(ख) प्रदेश सरकारबाट गरिने अनुगमन तथा मूल्याङ्कनको विवरण :

(ग) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरण :

१६. आयोजनको दीगोपना र सम्पन्न भएपछि सञ्चालन (Phase-out Plan) सम्बन्धी व्यवस्था :

१७ मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework –MTEF) अनुरुप आयोजनाको प्राथमिकताक्रम : पहिलो प्राथमिकता ☐ दोस्रो प्राथमिकता ☐

१८. यस आयोजनको दीगोपना र सम्पन्न भएपछि सञ्चालनको व्यवस्था (Phase out Plan):

..................

प्रमाणित गर्ने

सचिव

....... मन्त्रालय

सचिव

प्र. सचिव

Scanned with CamScanner

अनुसूची-२

# बहुवर्षीय ठेक्का बन्दोबस्तका लागि प्रस्ताव पेश गर्दा आवश्यक आधार पुगेको चेकलिष्ट

(निर्देशिकाको दफा ४ (१) सँग सम्बन्धित)

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | अनुसूचि १ बमोजिमको ढाँचामा आयोजनाको प्रस्ताव | | | |
| २. | नेपालको संविधान, कार्यविस्तृतीकरण प्रतिवेदन र प्रचलित कानुन बमोजिम प्रदेशको अधिकार क्षेत्रभित्र रहेको। | | | |
| ३. | प्रदेश सरकारबाट स्वीकृत कार्यविभाजन नियमावली बमोजिम मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने आयोजना रहेको। | | | |
| ४. | कुल लागत अनुमान रु. २० करोडभन्दा बढीका सडक तथा अन्य यातायात पूर्वाधार, रु. ५ करोडभन्दा बढीका भवन, सडकपुल एवं अन्य पूर्वाधार र रु. ३ करोडभन्दा बढीका खानेपानी, सिंचाइ, कृषि एवं औद्योगिक पूर्वाधार आयोजना। | | | |
| ५. | बहुवर्षीय ठेक्कामा लैजाने आयोजनाको निर्माण सम्पन्न हुने अवधि २ वर्षसम्म भएमा कुल लागत ईष्टिमेटको कम्तिमा ४०%, ३ वर्षसम्म भएमा २५%, ४ वर्षसम्म भएमा २०% र ५ वर्ष वा सो भन्दा बढी भएमा १५% बजेट चालु आ.व. मा भएको विनियोजन। | | | |
| ६. | विस्तृत आयोजना प्रतिवेदन तयार भएको (प्रतिवेदनको सारांश संलग्न गर्नुपर्ने) | | | |
| ७. | आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन/प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन कार्य सम्पन्न भएको । | | | |
| ८. | आयोजनाको लागि जग्गा अधिग्रहण गर्नुपर्ने भए जग्गा प्राप्तिको कानूनी प्रक्रिया टुंगिएको । | | | |

सचिव

प्र. सचिव

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ९. | मध्यमकालीन खर्च संरचनामा उल्लिखिति स्रोत सम्बन्धी व्यवस्था (स्रोत सुनिश्चित भएको भए सो प्रतिलिपि संलग्न गर्ने)। | | | |
| १०. | वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई श्रोत सुनिश्चिता भएको। | | | |
| ११. | खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार भएको। | | | |
| १२. | बहुवर्षीय ठेक्का सम्झौता गर्न पूर्वस्वीकृतिका लागि चालु आ.व. को पहिलो चौमासिक भित्र आयोगमा पेश गरेको। | | | |

..................

प्रमाणित गर्ने

सचिव

....... मन्त्रालय

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, नेपाल

सचिव

Scanned with CamScanner

## अनुसूचि ३

## वहुवर्षीय ठेक्कामा सञ्चालित आयोजनाको विवरण

(निर्देशिकाको दफा ७ (३) सँग सम्बन्धित)

| क्र.सं. | आयोजनाको नाम | ठेक्का सम्झौता भएको मिति | ठेक्का सम्झौता सम्पन्न हुने मिति | कुल लागत रकम | वहुवर्षिय ठेक्काका लागि आयोगबाट स्वीकृति दिएको मिति | आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत सुनिश्चितताको लागि सहमति दिएको मिति | आर्थिक वर्ष अनुसार खर्च र सिर्जित दायित्व (प्रत्येक आ.व.को) | | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आ.व. | विनियोजित वजेट | खर्च रकम | बाँकी दायित्व | |
| १ | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

..................

प्रमाणित गर्ने

सचिव

....... मन्त्रालय

सचिव

Scanned with CamScanner

## अनुसूचि ४

## मध्यमकालीन खर्च संरचना सम्बन्धी विवरण

(निर्देशिकाको दफा ७ (३) सँग सम्बन्धित)

| क्र. सं. | आयोजनाको नाम | चालू आ.व. सम्मको वास्तविक उपलब्धि | आगामी आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आगामी आ.व. (पहिलो वर्ष) | दोश्रो वर्ष | तेश्रो वर्ष | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

....................

प्रमाणित गर्ने

सचिव

....... मन्त्रालय

सचिव

नि. प्रमुख सचिव